जिल्लाभित्रका सम्पूर्ण विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरु जनमुखी, उत्तरदायी, पारदर्शी बनाइ यसका लाभहरुको न्यायपूर्ण वितरणको सुनिश्चित गर्नका लागि नेपालको संविधानको धारा २२० को उपधारा ७ र स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९२ को उपदफा १ बमोजिमको काम कर्तव्य अधिकार बमोजिम सोही ऐनको दफा ९२ उपदफा ४ बमोजिम जिल्ला सभाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

1. संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम "जिल्ला समन्वय समितिको योजना तथा कार्यक्रम अनुगमन सम्बन्धि कार्यविधि २०८१" रहेको छ ।
2. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
   (क) 'प्रमुख' भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई बुझाउछ ।
   (ख) 'उपप्रमुख' भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई बुझाउछ ।
   (ग) 'सदस्य' भन्नाले जिल्ला समन्वय समितिको सदस्यलाई बुझाउछ ।
   (घ) 'संविधान' भन्नाले नेपालको संविधान २०७२ लाई बुझाउछ ।
   (ङ) 'ऐन' भन्नाले स्थानीय सरकार सन्चालन ऐन २०७४ लाई बुझाउछ ।
   (च) 'समन्वय समिति' भन्नाले जिल्ला समन्वय समिति संखुवासभालाई बुझाउछ ।
   (छ) 'समन्वय समितिको कार्यालय' भन्नाले जिल्ला समन्वय समितिको कार्यालय संखुवासभालाई बुझाउछ ।
   (ज) 'स्थानीय तह' भन्नाले संखुवासभाको स्थानीय तहहरुलाई बुझाउछ ।
   (झ) 'कार्यालय' भन्नाले संध वा प्रदेश अन्तरगतका कार्यालयलाई बुझाउछ ।

परिच्छेद-२

## अनुगमनको आधार तथा क्षेत्र

3. जिल्ला समन्वय समितिले स्थानीय तह, संघ तथा प्रदेश सरकार अन्तरगतका कार्यलयहरु, गैर सरकारी संस्था, निजी क्षेत्रको अनुगमन गरी आवश्यक सुझाव दिनुका साथै कार्यन्वयनमा समन्वय तथा सहजीकरकण गर्ने छ ।
4. स्थानीय तहहरुको अनुगमन गर्दा स्थानीय तह संस्थागत क्षमताको स्वमूल्यांकन (LISA), वित्तिय जोखिम मूल्यांकन (FRA) स्थानीय तहको आर्थिक विकास मूल्यांकन (LED) का सूचकहरुलाई आधार मानी मूल्यांकन गर्ने छ ।
5. स्थानीय तहको मूल्यांकन गर्दा भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वातवरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत क्षमता विकास दिगो

विकास एवम् सन्तुलित विकास विविध पक्षलाई समेत आधार मानी अनुगमन तथा मूल्यांकन गर्ने छ ।

6. नेपालको संविधानको धारा २२० को उपधारा (७), स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९२, जिल्ला सभा ऐनलाई समेत आधार मानी अनुगमन गर्नु पर्ने छ ।

परिच्छेद-३

## अनुगमन गर्ने अधिकार

7. जिल्ला समन्वय समितिको प्रमुख वा प्रमुखको निर्देशन बमोजिम उपप्रमुख वा सदस्यले अनुगमन गर्न सक्नेछ ।
8. प्रमुखको निर्देशनमा जिल्ला समन्वय अधिकारी वा कार्यालयका अन्य कर्मचारीले अनुगमन गर्न सक्ने छ ।

परिच्छेद-४

## अनुगमन गर्दा अवलम्वन गर्नु पर्ने विधि

9. अनुगमन गर्नु पूर्व सम्वन्धि पालिका वा कार्यालयलाई अनुगमन गर्ने समय अनुगमनको विषय वा अनुगमन गर्ने योजना वा कार्यक्रमको विषयमा समन्वय समितिले जानकारी गराउने छ ।
10. समन्वय समिति वा समन्वय समितिको कार्यालयबाट अनुगमन सम्वन्धि प्राप्त जानकारी बमोजिम स्थानीय तहले आवश्यक सहयोग गर्नु पर्ने छ ।
11. अनुगमनको क्रममा प्राविधिक कर्मचारीको आवश्यकता परेमा स्थानीय तह वा संघ तथा प्रदेश अन्तरगतका कार्यालयको प्राविधिक कर्मचारीलाई समन्वय समितिले खटाइदिन समन्वय समितिले अनुरोध गर्नेछ । समन्वय समितिको अनुरोध बमोजिम स्थानीय तह वा कार्यालयले प्राविधिक कर्मचारी खटाइदिनु पर्ने छ ।
12. अनुगमनको १५ दिन भित्र जिल्ला समन्वय समितिले प्रतिवेदन सम्वन्धित स्थानीय तह तथा कार्यालयमा पठाइसक्नु पर्ने छ ।
13. एक आर्थिक वर्षमा अनुगमन भए गरेका योजना तथा कार्यक्रमको अनुगमन तथा प्रतिवेदन कार्यन्वयनको अवस्था जिल्ला सभामा छलफल गरी अनुमोदन गर्नु पर्नेछ ।

परिच्छेद-५

**अनुगमन गर्दा मुख्य आधार मान्नु पर्ने विषय तथा क्षेत्रहरु**

नेपालको संविधानको धारा २२० को उपधारा ७, स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९२, कोशी प्रदेशको जिल्ला सभाको काम कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ को व्यवस्थाको अतिरिक्त निम्न कुराहरुलाई आधार मानी समन्वय समितिले अनुगमन गर्नु पर्ने छ ।

14. सम्वन्धित स्थानीय तहको नीति, आवश्यकता तथा प्राथमिकताको बमोजिम योजना सम्पन्न भएको ।
15. उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सहयोग पुर्याउने ।
16. स्थानीय स्रोत साधनको परिचालन, रोजगारी सृजना तथा गरिवी निवारणमा सहयोग पुर्याउने ।
17. मानव पूँजी निर्माणमा सहयोग पुर्याउने ।
18. जिल्लाको सन्तुलित विकास र सामाजिक न्याय प्रवर्द्धनमा सहयोग पुर्याउने ।
19. दिगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुर्याउने ।
20. सुशासनमा प्रवर्द्धन गर्ने ।
21. पालिकाहरु वीच सकारात्मक प्रतिस्पर्धा तथा असल अभ्यासको आदान प्रदानमा सहयोग पुर्याउने ।
22. विपदको समयमा सवै पालिकाहरु ऐक्यवदता कायम हुने ।

परिच्छेद — ६

**विविध**

23. जिल्ला समन्वय समितिले यो कार्यविधिको प्रभावकारिताका लागि निर्देशिका निर्माण गरि लागू गर्न सक्ने छ ।